स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



छठ पर्वको दिन पारेर यही कातिक २२ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको हरर-कमेडी फिल्म "फिरफिरे फिरिरी"को आइटम गीत सार्वजनिक गरिएको छ । बिहीबार युट्युबमार्फत् सार्वजनिक "टिमिक्कै चोली" बोलको गीतमा अनु चौधरीको पार्श्व गायन छ भने प्रशान्त सिवाकोटीको शब्द रचना तथा संगीत छ । गीतको भिडियोमा मोडल अलिशा शर्माको आकर्षक नृत्य देख्न सकिन्छ ।

**आजको विचार...**



बली...

(दुई पेजमा)

ईश्वर भट्ट



तिहारको लक्ष्मीपूजाको दिन प्रदर्शनको तयारीमा रहेको फिल्म "पूर्ण बहादुरको सारङ्गी"को ट्रेलर सार्वजनिक गरिएको छ । बिहीबार काठमाडौंमा एक कार्यक्रमका बीच सार्वजनिक साढे तीन मिनेट लम्बाईको ट्रेलरले फिल्मको कथावस्तुबारे जानकारी गराउँछ । सारङ्गी बजाएर जीविकोपार्जन गर्ने गन्धर्व परिवारको कथामा फिल्म केन्द्रित रहेको ट्रेलरले प्रष्ट पार्छ । बाबु र छोराबीचको सम्बन्धलाई मियो बनाएर फिल्मले जीविकोपार्जनका लागि गन्धर्व समुदायले गर्ने संघर्ष र त्यो समुदायले भोगेको विभेदको कथा उठाएको छ ।

❐ वर्ष ३० ❐ अंक ९० ❐ २०८१ कार्तिक ३ गते शनिबार 19 October 2024, Saturday ❐ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### टिपर दुर्घटनामा चालकको मृत्यु



**घोराही,** कार्तिक २/दाङको बङ्गलाचुली गाउँपालिका-४ जुम्लेपानीमा बुधबार राति टिप्पर दुर्घटना हुँदा चालकको मृत्यु भएको छ ।

दुर्घटनामा गढवा गाउँपालिका-७ निवासी अन्दाजी २९ वर्षका प्रभु चौधरीको घट्नास्थलमै मुत्यु भएको जिल्ला प्रहरी कार्यालय दाङका प्रवक्ता ईश्वर थापाले जानकारी दिए । घोराहीबाट तापातर्फ जाँदै गरेको रा १ ख १८५७ नम्बरको टिप्पर जुम्लेपानीमा सडकदेखि करिब ८० मिटर तल खस्दा दुर्घटना भएको प्रहरीले जनाएको छ ।

*-रासस*



## प्रदेशकै राजधानीको उपमहानगरपालिकामा खानेपानीको दुःख

लुम्बिनी प्रदेशकै राजधानी रहेको दाङको घोराही उपमहानगरपालिका-१८ का घोरदौरावासी सार्वजनिक धारामा पालो कुरेर खानेपानी भर्दै । *तस्बिरः कुलदीप न्यौपाने/ रासस*

**चाडपर्व मनाउँदा सामाजिक सद्भाव कायम गरौं**

- चाडपर्वमा अनावश्यक तडक-भडक नगरौं,
- जुवातास नखेलौं र मद्यपान नगरौं,
- धार्मिक, सांस्कृतिक मूल्य मान्यता र परम्परा जोगाऔं,
- चाडपर्वलाई सामाजिक सहिष्णुता र मेलमिलापको अवसरका रुपमा प्रयोग गरौं,
- आफ्नो जस्तै अरुको धार्मिक, सांस्कृतिक रीतिरिवाजको सम्मान गरौं,
- चाडपर्व एक आपसमा मिली हर्षोल्लासका साथ मनाऔं ।

नेपाल सरकार

**विज्ञापन बोर्ड**

## बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि खुवाइँदै

**पाल्पा,** कार्तिक २/बिहीबार र शुक्रबार देशभरका बालबालिकालाई भिटामिन ए क्याप्सुल र जुकाको औषधि खुवाइँदै छ । राष्ट्रिय भिटामिन 'ए' कार्यक्रमअन्तर्गत दुई दिन ६ महिनादेखि ५ वर्ष मुनिका बालबालिकालाई भिटामिन 'ए' र एकदेखि पाँच वर्ष मुनिका बालबालिकालाई जुकाको औषधि खुवाउन लागिएको हो ।

स्वास्थ्य सेवा विभाग अन्तर्गतको परिवार कल्याण महाशाखाकाले कात्तिक २ र ३ गते ५ वर्ष मुनिका बालबालिकालाई लक्षित गरी कार्यक्रम गरिएको जनाएको छ । महाशाखाले ६ महिनादेखि ५ वर्ष मुनिका करिब २१ लाख बालबालिकालाई भिटामिन 'ए' र एक देखि पाँच वर्ष मुनिका बालबालिकालाई १८ देखि १९ लाख बालबालिकालाई जुकाको औषधि खुवाइने लक्ष्य लिएको छ । सात सय ५३ वटै स्थानीय तहमा यस्को व्यवस्था गरिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ । उक्त सेवाका लागि पायकपर्ने स्थान विद्यालय, वडा कार्यालयमा स्वस्थ्य स्वयंसेविकालाई परिचालन गरिएको छ । बालबालिकाको सवाङ्गीण विकासको लागि खोप र पोषण दुवै अपरिहार्य



रहेको छ ।

६ महिनादेखि ५९ महिनासम्मका बालबालिकामा हुनसक्ने स्वास्थ्य जटिलता तथा कुपोषणको जोखिम न्यूनीकरण गर्नका लागि २०५३ सालबाट भिटामिट 'ए' र २०५८ सालदेखि जुकाको औषधि प्रत्येक वर्ष दुई पटक खुवाउँदै आएको छ । प्रत्येक वर्ष कात्तिक र वैशाखमा बालबालिकालाई भिटामिन 'ए' र जुकाको औषधि निःशुल्क खुवाउने गरिएको हो ।

भिटामिन र जुकाको औषधिले स्वास्थ्य जटिलता र कुपोषणको जोखिम न्यूनीकरण गर्ने स्वास्थ्य सेवा विभागले जनाएको छ । सोही समयमा छ महिनादेखि २३ महिनाका बालबालिकालाई बालभिटा समेत वितरण गर्ने गरिएको छ । सरकारले आफ्ना बालबालिकालाई नजिकैको महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकामार्फत भिटामिन 'ए' र जुकाको औषधि खुवाउन सबैमा आग्रह गरेको छ ।

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२
जनचेतना

# सम्पादकीय

## घट्दो ब्याजदरले समस्या नआओस्

**बैंकिङ प्रणालीमा लगानीयोग्य पुँजी (तरलता) पर्याप्त हुँदा केही महिनादेखि वाणिज्य बैंकहरुले ब्याजदर घटाउँदै लगेका छन् । उनीहरुले हरेक महिना सार्वजनिक गर्ने ब्याजदरमा निक्षेपको ब्याजदर घटाउँदै गएको पाइन्छ । बैंकको ब्याजदर घट्दै गए पनि पर्याप्त लगानी हुन भने सकिरहेको छैन् । कार्तिक महिनाका लागि पनि बैंकहरूले ब्याजदर घटाएका छन् । लामो अवधिको व्यक्तिगत मुद्दती निक्षेपमा केही उच्च ब्याजदर र छोटा अवधिको मुद्दती निक्षेपमा ब्याजदर केही कम गर्ने नीति बैंकहरुको देखिन्छ ।**

**निक्षेप बढिरहे पनि अपेक्षित रुपमा कर्जाको माग बढ्न नसकेकाले बैंकहरुरुले निक्षेपको ब्याजदर फेरि घटाएका हुन् । असोजको तुलनामा कार्तिकमा एकवर्षे व्यक्तिगत मुद्दती निक्षेपको औसत ब्याजदर ०.२४५ प्रतिशत बिन्दुले घटेको छ । असोजमा एक वर्षे व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर औसत ६.३९६ प्रतिशत थियो । कार्तिकका लागि यो ब्याजदर घटेर औसत ६.१५१ प्रतिशतमा कायम भएको छ ।**

**बैंकको ब्याजदर घट्नु सकारात्मक पक्ष भए पनि यसको व्यवस्थापन चुनौतिपूर्ण छ । यसरी घटेको ब्याजदरले अर्थतन्त्रलाई गति दिन्छ त ? यसको लाभको वितरण सामाजिक न्याय मिल्ने गरी हुन्छ त भन्ने प्रश्न अहिले आम रुपमा उठेको छ । ब्याजदर घटेपछि बैंकमा थुप्रिएको तरलताका कारण कर्जा प्रवाह बढ्ने अपेक्षा गरिएको छ । तर, यस्तो कर्जा कुन क्षेत्रमा जान्छ, त्यसले उत्पादकत्व वृद्धि गर्छ कि उपभोग मात्रै बढाउँछ भन्ने कुराले अर्थतन्त्रमा निकै अर्थ राख्छ । अर्थतन्त्रको समस्या उत्पादन नबढ्नु तथा उपभोग बढ्नु हो । उत्पादन बढाउने गरी बैंकिङ क्षेत्रले लगानी गर्छ कि गर्दैन ? अर्को, अर्थतन्त्रलाई गति दिन कुनकुन क्षेत्रलाई प्रोत्साहित गर्न के कस्तो क्रियाकलापमा वित्तीय लगानी गर्नुपर्ने हो, त्यसमा कर्जा प्रवाह हुन्छ कि हुँदैन ?, अर्को यस्तो क्षेत्रको निर्धारण कसरी गर्ने भन्ने स्पष्ट नीति बन्न सकेको छैन । ब्याजदर घट्दा उद्योग व्यवसायले लाभ लिन्छन् र उत्पादन बढ्छ भन्ने विश्लेषण रहेको पाइन्छ । तर, ब्याजदर घट्दा निक्षेपमा लगानी गरेर त्यसको ब्याजबाट जीवन धान्नेहरूलाई भने यसले समस्या पार्छ । उनीहरूको आय घट्दा उपभोग घट्छ र माग पनि घट्छ । माग घटेपछि अहिलेकै चक्रको पुनरावृत्ति नहोला पनि भन्न सकिँदैन । त्यसैले ब्याजदर घट्नु सकारात्मक भए पनि त्यसले पार्ने असर अर्थतन्त्रमा केकस्ता हुन्छ, घटेको ब्याजदरको लाभ देशका सबै पक्षले पाउन के गर्नुपर्छ भन्ने कुराका लागि नेपाल राष्ट्र बैंकले अध्ययन र काम गर्नु आवश्यक छ । ब्याजदर घटेर एउटालाई लाभ र अर्कोलाई समस्या आउनु हुँदैन । यसर्थ यसतर्फ राष्ट्र बैंकले ध्यान दिन जरुरी छ ।**

### Opinion @ Social Network

कति अचम्मको छ नि यो दुनियाँ मरेकोलाई रोएर उठाउन खोज्छन्
अनि जिउदोलाई रुवाएर मार्न खोज्छन् ।
*(अस्मिता रानाको फेसबुक स्टाटसबाट www.facebook.com//rana.ashmita)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# बलि प्रथा र समाजिक एवं धार्मिक मान्यता



**ईश्वर भट्ट**

***बलिप्रथाको सुरुवात कहिले भयो भनेर ठ्याक्कै यकिन गर्न नसकिए पनि बौद्ध धर्म र जैन धर्मको उद्भव भएको बेलामा पनि यो प्रथा समाजमा विद्यमान थियो भनेर अनुमान गर्न सकिन्छ ।***

हरेक दशैंमा बलिप्रथा बारे बहस चर्चा परिचर्चा हुने गर्छन । नेपाली समाजमा जुन तरिकाले बलि प्रथा आस्थाको रुपमा गाढिएर बसेको छ यो निकै दुर्भाग्यको कुरा हो । कुनै निश्चित कालखण्डमा कसैले आफ्नो स्वार्थ पुर्तिका निम्ति यो प्रथालाई समाजमा चलाएको कुरा स्पष्ट छ तरपनि हाम्रो समाजले यसलाई अझै बढावा दिई राखेको छ । हाम्रो समाजमा बलि प्रथा कसरी प्रथाको रुपमा स्थापित भयो भन्ने विषयमा हरेक व्यक्ति र समूहले फरक-फरक जवाफ दिन्छन । यो प्रथा नितान्त समाज र धर्मसँग जोडिएको हुँदा यसको व्याख्या र विश्लेषण पनि सामाजिक र धार्मिक दृष्टिकोण बाटै गर्नुपर्ने हुन्छ ।

बलिप्रथाको सुरुवात कहिले भयो भनेर ठ्याक्कै यकिन गर्न नसकिए पनि बौद्ध धर्म र जैन धर्मको उद्भव भएको बेलामा पनि यो प्रथा समाजमा विद्यमान थियो भनेर अनुमान गर्न सकिन्छ । बौद्ध धर्मग्रन्थहरूमा धेरै ठाउँमा हिन्दु ब्राफमणहरूले बलि चढाउने गर्थे भन्ने कुराको उल्लेख भएको पाइन्छ र बौद्ध र जैन धर्मले यो प्रथाको बिरोध गर्ने गरेको कुरा पनि ती ग्रन्थहरूमा भेटिन्छ । गौतम बुद्धले नै त्यो बेलामा बलि द्वारा गरिने यज्ञ यज्ञादीहरूबाट देवी देवता खुशी नहुने भनेर भन्ने गर्थे । गौतम बुद्ध भन्ने गर्थे बली प्रथा दिनुभन्दा अगाडि केवल तीनवटा दु:ख भुख, इच्छा र आयु मात्र थिए तर जब पशुबलि सुरुभयो त्यसपछि समाजमा दु:खको संख्या बढेर अन्ठानब्बे पुग्यो । यसरी बौद्ध धर्मको उद्भवकालमा बलि प्रथा प्रचलनमा थियो भन्ने कुरा स्पष्ट हुन्छ । बलिप्रथाले जुन तरिकाले समाजिक र धार्मिक मान्यता पायो यो मानव सभ्यताकै लागि कलंक हो । बलिप्रथाको प्रचलन केवल हिन्दु धर्ममा मात्र नभई इसाई र मुस्लिम धर्महरूमा पनि यसको प्रचलन विभिन्न रूपमा रहिआएको देखिन्छ । विशेषत: हिन्दु धर्ममा यो नवरात्रको बेलामा अष्टमिका दिन बलि दिइने गरिन्छ अरू बेलामा आफ्ना भाकल पूरा गर्न बलि दिइने गरिन्छ भने यो बेलामा भने माता दुर्गालाई खुशी पार्नका निम्ति तामसिक विधि अनुरूप बलि दिइने गरिन्छ । समाज मानवजातिको बस्ती भए पनि यहाँ केवल मानिसमात्र बस्दैनन् मानिसका विचार बस्छन मानिसका रंगिन सपना, कल्पना र विवेचनाका उत्कट शृंखलाहरू पनि बस्छन् । यहाँ अनेकन प्राणी, जीवजन्तु, चराचुरुंगीलगायत विविध जाति र प्रजातिका प्राणीहरू बसोवास गर्छन । यी विविध प्राणीहरूको सम्बन्ध मानिससँग निकै घनिष्ठ रहिआएको छ अर्को शब्दमा भन्नुपर्दा साथिभाइको सम्बन्ध रहिआएको छ । अब कुरा बलि प्रथाको जोडौं । यसरी नजिकको सम्बन्ध रहेका आपसी साथीहरूलाई आफ्नो निजी स्वार्थ(भाकल)पूर्तिका लागि हत्या गर्नुले समाजलाई कस्तो असर पार्छ । यसले समाजलाई दिने सिधा अर्थ हो चाहे जे सुकै होस् आफ्नो स्वार्थ पूर्तिका निम्ति अबोध जनावरलाई समेत हत्या गर्नुपर्छ । मानिस समाजमा बस्ने धार्मिक प्राणी पनि हो त्यसमा पनि हिन्दु समाजका मानिसहरू त झन् धर्मको स्थापना गरि आफ्नो जीवनलाई पापमुक्त बनाउनुपर्छ भनेर भन्ने गर्छन यस्तोमा बलि प्रथा रूपी क्रूर प्रथालाई धर्मकै आडमा सुरक्षण दिइराख्दा समाजमा बस्ने अन्य मानिसहरूले हिन्दु धर्मप्रति राख्ने सोच कस्तो हुनेछ यो कुरामा पनि ध्यान दिन जरुरी छ । जबकी हिन्दु धर्मशास्त्रहरूले अहिंसा परमो धर्म को कुरा गर्छन बसुधैव कुटुम्बकम् को कुरा गर्छन् यस्तोमा क्रुरता रूपी बलिप्रथालाई बढावा दिई राख्नाले हिन्दु धर्म र यसका शास्त्रबीचको विरोधाभाषलाई लिएर धर्म परिवर्तन र धर्मान्तरणले प्रशय पाउनेछ त्यो हुनुभन्दा पहिलै यसबारे राम्रोसँग सोच्न जरुरी छ । जनावर भन्दा मानिस उच्चकोटिको प्राणी हो । मानिसभन्दा देवता उच्चकोटिका हुन् र देवताभन्दा माथि ब्रफम र ब्रफमभन्दा माथि परब्रफम र परब्रफमभन्दा माथी पूर्णब्रफम गरी यसरी हाम्रो यहाँ कोटि छुट्याइएको छ । यस्तोमा एउटा निम्नकोटिको मानिसले उच्चकोटिको देवता रिझाउनलाई मानिसभन्दा पनि निम्नकोटिको जनावरको बलि दिनु कुनै पनि हालतमा सही हुन सक्दैन । धर्मको धारण आत्ममोक्षका निम्ति गरिन्छ । धर्ममा पाप र पुण्यको महत्वपूर्ण भूमिका हुन्छ । पाप त्यस्ता कार्यलाई भनिन्छ जसले अरूलाई दु:ख दिन्छ । एउटा महत्वपूर्ण भनाइ छ, जसमा भनिन्छ । परोपकार पुण्याय: पापाय परपिडनम् अर्थात् परोपकार पुण्य हो भने अरूलाई दु:ख दिनु पाप हो । यस अर्थमा कुनै पशु पक्षीलाई पीडा दिएर गरिएको कार्य कुनै पनि रूपमा पुण्य हुन सक्दैन । त्यसैले मोक्षका निम्ति कुनै जीवको हत्या गरेर न त देवि नै खुशी हुन्छिन न त आत्म मोक्ष नै हुन्छ ।

बलि आफैंमा धार्मिक विधि होइन । कसै निश्चित वर्गले आफ्नो स्वार्थ पूर्तिका निम्ति कुनै बेला समाजमा यो प्रथालाई चलाएको हो भन्ने स्पष्ट देखिन्छ । समाजमा लामो समयदेखि चलिआएको भए तापनि यो प्रथा धार्मिक भने होइन किनकि आदि अनादिकालमा लेखिएका धर्मशास्त्रहरूमा अझै 'अहिंसा परमो धर्म' जस्ता वाक्य सुन्नमा मिल्छ जसले यो प्रथा धार्मिक होइन तर कसै निश्चित वर्गले यसलाई धार्मिक र सामाजिक रूप दिने कार्य गरेको हो । यहाँ बलिप्रथालाई समाजले अगाडि बढाउँदै गर्दा शास्त्रीयमत हेर्ने हो भने केही फरक दृष्टान्त भेट्टिन्छ । यजुर्वेदमा यज्ञसम्बन्धी विधान बताइएको छ त्यही यजुर्वेदमा भनिएको छ 'अघ्न्या: यजमानस्य पशून पाहि'अर्थात्-हे पुरुष तिमीले यी पशुहरूलाई नमार, सबैलाई सुख दिने मानिसका पशुहरूको रक्षा गर । त्यस्तै अथर्ववेदमा भनिएको छ :-

***'ब्रीहिमत्तं यवमत्तमथो माषमथो तिलम् ।***
***एष वां भागो निहितो रत्नधेयाय दान्तौ मा हिंसिष्टं पितरं मातरं च ।।'***

अर्थात् : हे दांतका दुवै पंक्तिहरू र तिमीहरू भात खाऊ, जौ खाऊ, माष खाऊ (उर्द्को दाल) र तिल खाऊ, यो अन्न तिमीहरूका लागि नै बनाइएको हो । त्यसैले उनिहरूलाई नमार्नुहोस जो माता-पिता बन्न कि योग्य छन । त्यस्तै स्कन्दपुराणमा भनिएको छ-

***'धर्ममूलमहिंसा च मनसा तां च चिन्तयन् ।***
***कर्मणा च तथा वाचा तत् एतां समाचरेत ।।'***

अर्थात् धर्मको मूल अहिंसा हो । त्यो अहिंसा धर्मलाई मनले खुब चिन्तन गरी विचार गर्नु । पुन: यो अहिंसा धर्मलाई कर्मले र वचनले सम्यक आचरण गर्नुपर्छ । 'अहिंसा परमो धर्म' भन्ने मूल मन्त्रको आडमा हिन्दु धर्म अडिएको छ । बैदिक सनातन धर्ममा (हिन्दु) मा हिंसा गर्नुलाई धर्मको संज्ञा दिइँदैन । गीता अध्याय १४ श्लोक १५ मा भनिएको छ- 'जो व्यक्तिको मृत्यु तामसिक गुण प्रभावित अवस्थामा भएको छ, त्यो अवश्य पनि मृत्यु पछि जनावरको योनिमा जन्म लिनेछ' त्यसैले कसैलाई जीवन दिने हक छैन भने कसैको जीवन खोस्ने हक पनि छैन जीव हिंसक कहिल्यै सुखी रहन सक्दैन । देवी देवताले प्राणी मात्रको रक्षा गर भन्छन्, गर्दन रेटेर निर्दोष प्राणीको हत्या गर भन्दैनन् । बलिको वास्तविक अर्थ त्यागनु, छुटाउनु, हटाउनु, भगाउनु, अन्त्य गर्नु आदि इत्यादि हुन्छ । त्यो हुँदा बलि भनेको आफूमा भएका गलत व्यवहारलाई त्यागनु पनि बलि हो । त्यही अर्थ पञ्च बलिमा समेत लाग्छ । पञ्चबलिमा बलि दिइने जनावरहरू क्रमश: बोका, राँगा भेडा/परेवा, कुखुरा, हाँस हुन । यसमा बलि दिइने जनावरहरूमा बोकालाई काम( सेक्स)/यौनको प्रतीक मानिन्छ । राँगोलाई क्रोधको प्रतीक मानिन्छ । कुखुरालाई लोभको प्रतीक मानिन्छ । भेडा र परेवालाई मोहको प्रतिक मानिन्छ भने हाँसलाई अहंकारको प्रतीक मानिन्छ । शास्त्रहरूले भन्ने गर्छन् पञ्च बिकारको बलिदेउ ती पञ्च विकार प्रत्येक व्यात्तिमा भएका दुर्गुणहरू काम, क्रोध, मोह, लोभ, अहंकार हुन यिनिहरूको त्याग गर्नु नै वास्तवमा बलि दिनु हो त्यसैले निर्दोष जनावरको हत्या गरेर बलि चढाउनुभन्दा आफूमा भएका विकारको हत्या गरेर बलि दिउ । यो विषयमा संस्कृतिविद् जगमान गुरुङले बलि दिइनुपर्छ भनेर तर्क दिन्छन् उनले भन्छन् 'यहाँ केवल पञ्चबलि र पशुबलिको कुरा हैन प्राचीन समयमा पुरुषमेधयज्ञमा पुरुष बलि र अश्वमेधयज्ञमा घोडाको बलि दिइन्थ्यो ।' यो कुरामा कतिको सत्यता छ त्यो त खोज अनुसन्धानले पत्ता लाग्ने कुरा हो तर अश्वमेध यज्ञमा चाहिँ घोडा छोडिन्थ्यो नकि घोडालाई काटेर बलि दिइन्थ्यो । जस्तै उदाहरणका लागि भगवान रामचन्द्र जिले रचेको अश्वमेधयज्ञमा घोडा छोडिएको थियो । त्यो हुँदा पहिलेका मानिसले जे सुकै गरे पनि अबको यो आधुनिक समयमा यस्ता क्रुर र निर्दोष जीवहरूको हत्या गर्ने प्रथाहरूलाई अन्त्य गर्नुपर्छ ।

यो विषयमा धर्मगुरुहरूले पनि आ-आफ्नै अलग-अलग तर्क दिनेगरेका छन् कतिपयले यसलाई गलत भनेका छन भने कतिपयले यसलाई सही हो पनि भन्ने गर्छन । यस्तोमा भारतका आधुनिक संतहरूमा जन्मिएका जगतगुरुको रूमा विश्व विख्यात भइरहेका संत रामपाल जि महाराजले भने यो विषयमा स्पष्ट भन्ने गर्छन कि बलि प्रथा गलत प्रथा हो माताले कुनै पनि जीवको रगत पिउँदैनन् किनकि कोही पनि आफ्ना सन्तानलाई मारेर खुशी हुँदैन देवी दुर्गा तिनलोक कि माता हुन् उनले कसैको बलि लिनुहुन्न । उहाँका अनुयायीहरूले समय समयमा सामाजिक सञ्जालमार्फत यस्ता कुप्रथाविरुद्ध आवाज उठाइरहेका हुन्छन । सनातन धर्ममा भएको बलि प्रथा, तामसिक आशुरी व्यक्तिहरूले चलाएको सती प्रथा वा छुवाछूत प्रथा झै कुरीति हो । वैदिक सनातन धर्मले त 'अहिंसा परमो धर्मं' भन्छ, यहाँ बलि (हत्या) त धेरै परको कुरा हो.. मांस भक्षण नै ठूलो पाप मानिन्छ । भगवानको नाममा बलि (पशु हत्या) गर्ने हिन्दु, शास्त्रको ज्ञान न भएको अज्ञानी वा आशुरी वा तामसिक तान्त्रिक वा भूत/प्रेत पुजारी हो । यदि कोही शास्त्रमा प्रमाण छ भन्छ भने त्यो गलत हो । हामी पनि भगवान का बच्चा अनि ती निर्दोष पशु-पक्षी पनि भगवान कै बच्चा के भगवान आफ्नो बच्चालाई मार्ने आदेश दिन्छन् होला त सोच्ने बेला आइसक्यो हामिहरूले कति समयसम्म गलत विचारको पछि लाग्ने अब सोच्ने बेला आइसकेको छ । 'अहिंसा परमो धर्म' भन्ने मूल मन्त्रको आडमा हिन्दु धर्म अडिएको छ । वैदिक सनातन धर्ममा (हिन्दु)मा हिंसा गर्नुलाई धर्मको संज्ञा दिइँदैन ।

*सक्छौ भने देऊ बलि, काम र क्रोधको,*
*घूसखोरी भ्रष्टाचार, झुठ अनि प्रतिशोधको*
*सक्छौ भने देऊ बलि, मोह अनि लोभको*
*अहंकार, भेदभाव अनि मनका ती गलत डोबको*
*तर नदेऊ बलि यहाँ, ती पशुपक्षी निर्दोशको ।।*

***-इहिमालय टाइम्स डटकम***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०८९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समय रमाइलो रहला । मित्रता र प्रेमको बन्धन कसिने बेला छ । | **तुला** : प्रेममा उच्च सफलताको हुने योग छ । प्रेमीप्रेमिकाको मिलन हुनेछ । |
| **बृष** : मनोरञ्जन र खेलवाडतिर लागिने छ । गुरुजनको हौसला मिल्लने छ । | **बृश्चिक** : सामाजिक काम गरिनेछ । आम्दानी पनि प्रशस्तै बढ्नेछ । |
| **मिथुन** : अस्वस्थता र कमजोरी महशुस होला । अरूका लागि समय खर्चनुपर्ला। | **धनु** : शरीरमा आरोग्य बढ्नेछ । प्रतिस्पर्धी तथा शत्रुपक्ष विस्थापित होलान्। |
| **कर्कट** : व्यवसायबाट सोचेको लाभ मिल्नेछ । अरूको मन जित्न सकिनेछ। | **मकर** : व्यवसायिक भ्रमण गर्ने मौका आउला । आतिथ्यपूर्ण सम्मान पाइनेछ । |
| **सिंह** : मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । | **कुम्भ** : मान प्रतिष्ठा मिल्ने समय छ । गरेका कामको प्रशंसा हुनेछ । |
| **कन्या** : धार्मिक क्रियाकलापबाट मनमा शान्ति मिल्नेछ ।कर्मसिद्धिको समय छ । | **मीन** : समय मध्यम छ । नजिकका व्यक्तिबाटै काममा धोका हुन सक्छ । |

# साहित्य दर्पण

कथा — गीतु गैरे

## प्रेम या डर ?

किन उनीसँग मलाई डर लाग्छ ? किन उनीसँग मलाई हरकुरा सोध्न मन लाग्छ । लाग्छ, मेरो जीवनको हर हिसाबको सबैभन्दा उत्तम निर्णय ऊ गर्न सक्छे ।

तर उसले बारम्बार भनेकी छे, “मलाई थाहा छैन । तपाईंले नै विचार गर्नुस न ! आफ्नो कुरा सबैभन्दा बढी आफैंलाई थाहा हुन्छ। कुरो सबैको सुन्ने हो। निर्णय आफूले गर्ने हो।” “त्यो फुच्ची केटी के विधि जान्ने होला ? यस्तो यस्तो बोल्न, भन्न जानेकी । तिमी कति परिपक्व, तिम्रो उमेरका यस्ता मैले विरलैरु देखेको छु।” उसलाई फुर्काएजस्तो लाग्ने फेरि । उफ् !

भन्छे - म प्रशंसाले मात्तिने मान्छे, फुरुङ्ग हुने मान्छे होइन क्यारे । म फेरि थपिदिन्छु - मलाई पनि यस्तै मान्छे मनपर्छ । उसले ठाडै भनिदिन्छे - तर मलाई हजुर मन पर्दैन । यो केटीहरू मन जित्न साह्रै गाह्रो रहेछ । अति नै भएपछि मेरो मिल्ने साथी सौगातसँग आफ्नोरु दु:खेसो पोखें । उसले हाँस्दै जवाफ फर्कायो । “मन नजित्दासम्म कोसिश गरिरहने हो । एकचोटी जितेपछि जितियो - छोड्दैनन् ।” यही ढाडसले म पछि लागि रहेछु, तर किन यसै भनिहाल्न सक्दिन । उसको उपस्थितिको बलियो प्रमाण केही छैन । मात्र मेरो डरबाहेक ।

जीवनमा यसबाहेक पनि मैले सम्बन्ध गाँसेको थिएँ । तर प्रेम भयो या भएन यकिनसाथ भन्न सक्दिन । कलेज, विश्वविद्यालय हरेक ठाउँमा मेरा केटी साथीहरु धेरै थिए । तीमध्ये एक न एक जना मेरा केही घनिष्ठतम हुन्थे । उमेर र जवानीको जोस हो की, मेलै जीवनलाई गम्भीर तवरले नसोचेर होकी ? म यसैयसै हावाहावा थिए । जब कलेजका दिनहरु सकिन्थे उनीहरुसँगको सम्बन्ध पनि सकिन्थ्यो । समयले हो या उमेर या आवश्यकता ? म यही भनी ठम्याउन सक्दिनँ । अचेल मलाई एकैजना साथी चाहिएको छ । जोसँग म बच्चा हुन सकूँ, मजस्तै भएर बग्न सकूँ । हाँस्न मन लाग्दा उन्मत्त भएर हाँसु । रुन मन लाग्दा उसको काँधको बिसौनी लिन सकूँ तर किन रोएको भनी नसोधोस् । मलाई केहीबेर आशुसँगै बग्न दिओस् । मेरो कल्पनाले, मेरो मस्तिष्कले उसकै आकृति देखिरहेछ । तर उसलाई म भनिहाल्न पनि सक्दिन । मैले प्रेम गर्ने भएर उसँग डराएको हुँ वा गुमाउँछु की भन्ने भयले थाहा छैन । हुन त ऊ कहिल्यै मेरो भएकी छैन, गुमाउने डर नहुनु पर्ने । हुन त हरेक सम्बन्धहरु आवश्यकताले निर्माण हुन्छन् । सायद विवाह पनि दुई आवश्यकता मिलेर हुने त होला ।

उससँगको मेरो सामिप्यता अत्यन्तै फरक किसिमले निर्माण भएको हो । उसलाई देख्नैबित्तिकै मेरा आँखाहरू केही चन्चल भएथे । जुन दिन नयाँ अफिसरको रुपमा मेरै अफिसमा मेरै सहपाठी हुन आएकी थिई । त्यस दिन उसले खैरो पाइन्ट र फिक्का गुलाबी रंगको सट लगाएकी थिई । कालो केही अग्लो चप्पल लगाएकी थिई । कपाल पुरै फिजारिएको थियो । बेलाबेला उसले कपालको सप्को पछाडितिर फर्काउँथी । हो, मलाई दिन गते बार सबै याद छ । ज्योतिष विज्ञानमा विश्वास गर्ने म लाग्छ - उसले मलाई घायल बनाउन नै साइत जुराएर यस अफिसमा प्रवेश गरेकी हो । साउनको बीस गते बुधबारका दिन पार्वती वा राधा खै के बनेर प्रवेश गरी कुन्नि । मेरो मनलाई म कसै गरेपनि रोक्न सकिनँ । अझ ऊ र म एउटै विभागमा काम गर्नुपर्ने भयो । मेरो त होस नै उडेजस्तो भयो जब प्रमुख कार्यकारी अधिकृतले तपाईंको असिष्टेन्टको रुपमा उहाँलाई नियुक्त गरिएको छ भन्ने खबर दिए । पहिले बुढाले मलाई सोधेका थिए, मै बबुरो जान्ने पल्टेर सर त्यो तपाईंकै जिम्मा भयो भनेर भागेको थिएँ । अलिकति भएपनि काम घट्छ कि आश थ्यो । तर यहाँ परिस्थितिले अर्कै मोड लिएको छ । अरु साथीहरुसँग मज्जाले हास्ने, बोल्ने, जिस्कने गर्छु । तर उसका सामु मेरो वाक्य नै फुट्दैन । म अफिसमा फाइनान्स म्यानेजरमा थिए । कामको कुरा पनि कनिकुथी बोल्न थालेको छु, अलिअलि । ऊ आफैं भन्छे। मलाई काम सिकाउनुस् है, सम्झाउनुस् है गर्नुपर्ने काम । कति सहजै बोल्छे। आफ्नो कुरा राख्छे ऊ ।

ऊ आएको करिब एक महिना भयो । बिस्तारै काम सहज हुँदै गयो । तर मेरो तनमन, मेरो मस्तिष्क, मेरो हृदयमा अमुर्त केही चल्दै थियो । त्यो कल्पना पनि कस्तो । अहो! कहिलेकाहीं काम गर्दागर्दै उसको काखमा निदाइदिऊ जस्तो लाग्छ । उसले कपाल मुसार्दिएको कल्पना गर्छु । फेरि केही भैपरी आउने पीरले अत्तालिन्छु । रातभर निदाउन सक्दिन ।

कोठाकै वरपर वरपर गरिरहन्छु । थकानले निन्द्रा लाग्छ कि भन्ने आशले । फेरि भान्छामा गएर घटघट पानी पिउँछु । अनि आएर बिस्तारामा पल्टिन्छु । केही कम भएजस्तो हुन्छ । तर निन्द्रा पट्क्कै लाग्दैन । श्वासको गति केही बढ्दो छ । के भैरहेछ मलाई यस्तो डर त मलाई सानोमा बासँग मात्र लाग्ने गर्दथ्यो । केही काम बिगारीहालेको खन्डमा गाली नखादासम्म म यसैगरी डराउँथे । मेरा बा स्कुलको प्रधानाध्यापक हुनुहुन्थ्यो, जुन स्कुलमा म पनि पढ्थे । म जन्मिएदेखि बाको जागिर सरकारी भएको रैछ । उहाँ श्री बालकल्याण माविमा निर्विरोध प्रधानाध्यापक पनि हुनुभएको रैछ । मैले बाकै स्कुलमा पढैं । ठूला दुई दाजुहरु उच्च शिक्षाको लागी काठमान्डौ गइसक्नु भएको थियो । दिदी कक्षा ९ मा भएकोले पढाई बिग्रिन्छ भनेर पढिरहेकै स्कुलमा थिइन् ।

निकै बर्षको फरकमा म जन्मिएको थिएँ । कान्छो छोरो मेरो दुधपुसुवा हो भनेर आमा औधी स्नेह देखाउनु हुन्थ्यो । तर बाले केही गरेको सम्झना छैन । सानोको त खासै सम्झना छैन । सायद काँधमै हालेर लग्नु हुन्थ्यो होला । स्कुल पुग्न करिब पौने घन्टा हिड्नु पर्थ्यो । केही उकालो र सानो जंगल थियो ।

स्याङ्जा वालिङको ती लोभलाग्दो पहाडलाई अगाल्दै हिँड्नु जो थियो । अलिक ठूलो भएपछि त सबेरै उठेर कि वालिङ बजारमा दुध पुर्याउने की खरबारी गएर एक भारी घास काट्ने । अनि हस्याङफस्याङ आधी घन्टामा स्कुल पुग्ने । बाले कहिल्यै मलाई अघि लगाउनु भएन । बा अघिअघि कुद्नु हुन्थ्यो । पछिपछि म दौडन्थे । कता आइपुग्यो भनेर होला बेला बेला पछाडि फर्कनुहुन्थ्यो । ठ्याक्कै पछाडी हुँदा भन्नुहुन्थ्यो । “हेर जिन्दगीमा लामो लामो पाइला चाल्नुपर्छ । तलाईं अघि लगाएर, डोहोर्याएर हिँड्न सधैं म नहुन सक्छु । त्यसैले तँ आफैंले हिड्नुपर्छ । आफ्नो गन्तव्य पत्ता लगाएर पाइला अघिअघि सार्नुपर्छ । आज तेरो गन्तव्य स्कुलसम्म मात्रै हो । भोलि देश विदेश हुन्छ । पछाडि कहिल्यै फर्कने होइन। अगाडिको दुरदुरसम्म हेर्नुपर्छ।’ मेरो बाल मस्तिष्कले केही बुझ्दैनथ्यो । तर मेरो लागि भन्नुभएको हो, मलाई माया गरेर हो भनेर म फुरुङ्ग पर्थे । बाले कहिलेकाँही यस्तो यस्तो भनेको मलाई खुब मन पर्थ्यो । सरको छोरो भएकोले उहाँकै ईज्जतको लागि भएपनि मैले खुब लगनका साथ पढ्थें । नौ दशमा पुगेपछि कहिलेकाही मेलै जानिनँ भनेर सामाजिक, गणित र विज्ञानका प्रश्नहरु लिएर जान्थे । बाले निकै सजिलो गरेर बुझाउनु हुन्थ्यो । अनि बुझे भन्दा बाको “स्याबास” सुनेर निकै फुरुङ्ग हुन्थें । अरुबेला गाली नगरेपनि एककिसिमले मलाई बासँग डर लाग्थ्यो । खै किन हो, म त्यसै डराउँथे । अहिले सम्झिँदा लाग्छ, सायद त्यो डर बा प्रतिको सम्मान होला । बा अलिकति चिन्तन मनन गर्न रुचाउनु हुन्थ्यो । शनिबार पनि घन्टौंसम्म किताब कपी बोकेर माथि बार्दलीमा बसेर निकैबेर घोत्लिनुहुन्थ्यो । सामाजिक, राजनितिक विषयवस्तु भएका किताबहरू हुन्थे क्यारे। त्यसरी पढ्नु भनेको बाको लागि ध्यान गर्नु सरह थियो । कोही जादैनथ्यो, कसैले बोलाउँदैनथ्यो । आमालाई सामान्य लेखपढ गर्न पनि आउँदैनथ्यो । आफू पढ्ने बेला “ओई यता आइज भनेर बाले बोलाउनुहुन्थ्यो रे । आमालाई कापी कलम टकार्नुहुन्थ्यो रे । आमाले नाईनास्ती गरेपछी सम्झाउनु हुने रैछ । “बाटोमा हिड्दा क्यार्दा पनि सजिलो हुन्छ । कसैले झुक्याउन सक्दैन । छलकपटबाट बच्नुपर्छ । नाम लेख्न सक्नुपर्छ आफैं भनेर बाले नै घरमा अक्षर सिकाउनु भएको रैछ । सधैं म नहुन सक्छु नी भन्दा आमाको मन गह्रौ हुँदो रहेछ । “म अनपढ गवार, पढेलेखेकी अर्को विहे गर्नुहुन्छ की भन्ने भय पनि मनमा आउँथ्यो रे ।” ऊ बेला त पुरुषलाई जति विवाह गर्न पनि छुट थियो । कानुनी झमेला पनि नभएकोले सहज थियो । तर आमालाई कति दुख्दो हो। त्यो समयमा छोरीले कहाँ पढ्न पाउँथे र । अशिक्षा र अध्यारोमै जीवन खेर नफाल है भनेर बाले जबरजस्ती अक्षर चिनाउनु भएको रैछ ।

सुरुमा त आमालाई पढ्नै मन थिएन । अक्षर चिनेर आफ्नो नाम आफै लेख्न थालेसी भने रमाउनु भएछ । बिस्तारै आमाले घरमै गरेको स्वअध्ययनबाट शिक्षाको उज्यालो प्रकाशतिर आफुलाई डोर्याउनु भएछ । यसरी बाले हामी सबैलाई आत्मनिर्भर बन्नुपर्छ भनेर सिकाउनु भयो । ममा बलियो आत्मविश्वास छर्नुभयो । जसलाई श्रद्दा र सम्मान गरिन्छ, उहीसँग त डर लाग्छ । जसको छत्रछायाँबाट आज म म बने । अझै केही बन्ने कोसिसमा छु । आज विवाह गर्ने उमेरको लाठे भैसकें । तैपनि बाको अगाडि धेरै बोल्न सक्दिन । फोनमा लामो संवाद गर्न सक्दिन । म बुबाप्रतिको प्रेम व्यक्त गर्नै सक्दिन । बासँग जस्तै धेरै बोल्न नसक्ने र उस्तै डर लाग्ने ... के म उनलाई प्रेम गर्छु र ?

*-अनलाइनखबर डटकम*

निबन्ध — विनोद मणि भट्टराई

## आमा, सप्रेम श्रद्धाञ्जली



भक्तपुर क्यान्सर अस्पतालमा थप चेकजाँच गरेपछि थाहा भयो, आमाको ओभरीबाट शुरु भएको अर्बुद रोग सबैतिर फैलिसकेको छ, र यो अन्तिम चरण अर्थात् चौथो चरणमा पुगिसकेको छ । यसको अर्थ, आमा अब लामो समय बाँच्नुहुन्न ।

जीवनमा हरेक कुराहरू सापेक्षित हुन्छन्, जीव विज्ञान र समाज विज्ञान दुवैले आत्मसात् गरेको कुरा के हो । संसारमा कुनै त्यस्तो सत्य छैन जो निरपेक्ष होस् । यसर्थ नबुझ्ने उमेरमा गरिएका कर्महरूको कुरा बेग्लै हो तर बुझ्ने भैसकेपछि मैले गरेका निर्णयहरू ठिक थिए वा थिएनन् ती दुवै कुरा सापेक्षित थिए । यो अर्थमा मेरो जीवनमा मैले गरेका कर्मको परिणाम पनि सापेक्षित नै आउने भए । बीसेबाइसे उमेरमा मलाई जे सत्य लाग्यो मैले त्यही गरेँ, आज तीलचामले उमेरमा आएर मलाई ऊ बेलाका मेरा निर्णयहरूप्रति थोरै ग्लानि, अलिकता पश्चात्ताप र धेरै हाँसो लाग्छ । मैले थाहा पाएसम्म आमाले मलाई कहिल्यै त्यो गर्न हुन्छ अथवा त्यो गर्न हुन्न भन्नु भएन । मेरा निर्णयप्रति मैले थाहा पाउने गरी आमाले कहिल्यै सेन्सर गर्नुभएन । मैले बरु पश्चात्ताप गरेँ हुँला तर आमाले कहिल्यै पश्चात्ताप बोध गर्नु भएन । उत्तेजना र भावावेगमा गरिने जीवनका कतिपय निर्णयहरूले एउटा मान्छेको समग्र जीवनमा कति दूरगामी असर गर्छ भन्ने कुरा आज आएर मैले राम्रोसँग बुझेको छु, तर मेरा कुनै पनि निर्णयहरूमा आमा बाधक बन्नुभएन । चिकित्सा विज्ञानको खोजले मान्छेमा देखिने अधिकांश रोगहरू वंशाणुगत भन्छ, आमालाई बहत्तर वर्षको उमेरमा क्यान्सर देखियो । बायोप्सी रिपोर्टले त्यो अर्बुद रोगलाई चौथो तहको भन्ने निर्क्योल गर्‍यो र चिकित्सकहरूले आमालाई बचाउन नसक्ने कुरा बताए । आमालाई लागेको रोगले मलाई तत्कालै छोइहालेन र तत्कालै मलाई केही भैहालेन भने जीवनको उत्तरार्द्धमा अर्थात् आमाको उमेरसम्ममा जीवनको आत्मसमीक्षा गर्दा मेरो आजको सोचाइप्रति त्यतिबेला मलाई कस्तो लाग्ने होला ? मैले आज जान्ने कुरा भएन । आमाका आफ्नै बाबुआमाबाट जन्मेका ५ जना दाजुभाइ कोही पनि ५ वर्ष भन्दा बढी बाँचेनन् । आमाका बाको ६१ वर्षकै उमेरमा निधन भयो । चरम पितृसत्तात्मक अभ्यासले ग्रस्त त्यो समयमा आफूभन्दा १७ वर्ष कान्छी पत्नीलाई विधवा बनाएर, बर्सेनिका ५ वटी सानी छोरीहरूलाई टुहुरी र एउटी छोरीलाई गर्भे टुहुरी बनाउँदै हजुरबा एक महिनासम्म पहेँले रोग लागेर सदाका लागि बिदा हुनुभो । म कल्पना गर्छु, ती आफ्नै कोखबाट जन्मेका ५ भाइ छोरा गुमाएकी र बर्सेनिका छवटी नाबालक छोरीहरू हुर्काउन हजुरआमालाई कति सकस पर्‍यो होला ? परिवारको मियो गुमेपछिका ती दिनहरू कति कष्टकर थिए भन्ने कुरा हजुरआमाले मसँग कहिलेकाहीं गर्नुभएको सम्झना आउँछ । हजुरबुवाको मृत्यु हुँदा आमा ७ वर्षकी हुनु हुन्थ्यो, उहाँपछिकी बहिनी त्योभन्दा सानी । कान्छी सानीमा त गर्भमै हुनुहुन्थ्यो । असारको २ गते बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गरिएको आमाको घाँटीको बायप्सी रिपोर्ट आएपछि मैले उक्त रिपोर्ट तुरुन्तै झापामा रहेको पूर्वाञ्चल क्यान्सर अस्पतालका निर्देशक डा. वीरेन्द्र यादवलाई ह्वाट्सएप गरेँ । मलाई समेत अनुकूल हुने गरी डा. यादवले भक्तपुर क्यान्सर अस्पतालका कार्यवाहक निर्देशक डा. उज्ज्वल चालिसेसँग भेटेर आमालाई उतै उपचार गर्न सुझाए । बिपीले डिस्चार्ज गरेपछि मोरङको उर्लाबारीमा आराम गरिरहेकी आमालाई तुरुन्तै भक्तपुर क्यान्सर अस्पताल लिएर आएँ । जीर्ण शरीर, सहनै नसकिने र निरन्तरको दुखाइ, चिकित्सकहरूका अनुसार क्यान्सरको दुखाइलाई प्रसव पीडासँग तुलना गर्न सकिन्छ । भक्तपुर क्यान्सर अस्पतालमा थप चेकजाँच गरेपछि थाहा भयो, आमाको ओभरीबाट शुरु भएको अर्बुद रोग सबैतिर फैलिसकेको छ, र यो अन्तिम चरण अर्थात् चौथो चरणमा पुगिसकेको छ । यसको अर्थ, आमा अब लामो समय बाँच्नुहुन्न । चिकित्सकले प्यालिएटिभ वार्डमा राखेर दुखाइ व्यवस्थापन गर्नुबाहेक अब कुनै विकल्प छैन भनेपछि मसँग विकल्प रहने कुरै भएन । कुनै पनि बेला जे पनि हुन सक्ने भएपछि बाबुआमालाई अलग राख्नु ठिक थिएन । मैले बुबालाई बोलाएँ । जब बुबा अस्पताल पुग्नुभयो - म एउटा कारुणिक दृश्यको साक्षी बनेँ । आमाले बुबाका हात च्याप्प समात्नुभयो, क्यान्सरको असरले डोबिल्का परेका आमाका आँखा आँशुले टम्म भरिए । आमाले मधुरो स्वरमा भन्नुभो - बुबा, तपाईंका हात कति चिसा ? बुबाले आमाको प्रश्नको कुनै उत्तर नै नदिई आफ्नै सुरमा प्रश्न गर्नुभो - केटी, तेरो र मेरो भेट भएको कति वर्ष भयो हँ ? आमाले प्रश्न भुईंमा खस्न नपाउँदै उत्तर दिनुभो - बिहे गर्दा म साढे एघार वर्षकी थिएँ, आज म त्रिहत्तरमा हिँड्दै छु । भएछ नि ६१।६२ वर्ष । माहौल एकदमै भावुक थियो, प्रेमिल थियो । खासमा मेरा लागि अवस्था सम्हाली नसक्नु थियो । बुवालाई कस्तो लाग्यो, म अनुमान गर्नेगरी होसमै थिइनँ । बुबालाई थाहा थियो, बयसट्ठी वर्षको दाम्पत्य जीवन अब लामो समय रहनेछैन । आमालाई त्यो सबै थाहा हुने कुरै थिएन । उहाँसँग जीवनप्रतिको जिजीविषा बाँकी नै थियो । जो व्यक्ति जाँदै थियो उसलाई जाँदै छु भन्ने अनुमानै थिएन । जबकि उसका वरिपरिकालाई अब उनीहरूको प्रियजन रहनेछैन भन्ने कुरा प्रस्ट हुने अवस्थाको साक्षी बन्नुपर्दा एउटा छोरो हुनुको नाताले मेरो पीडा म आफैं मात्र बुझ्न सक्थेँ । आमाका धेरै गुणहरू वंशगत हिसाबले स्वभावत: म सँग छन्, त्यो म महसूस गर्न सक्छु । सबैभन्दा बढी आमामा रहेको विद्रोही चेतको प्रत्यक्ष अप्रत्यक्ष प्रभाव मभित्र परेको छ । मावलको हजुरबाको निधनपश्चात् हजुरआमा हामीसँगै रहनुभयो अर्थात् हजुरआमा काइँली छोरी ज्वाइँसँग रहनुभयो । हजुरआमाको ०४८ सालमा आमासँगै रहेका बखतमा निधन भयो । सामाजिक सञ्जाल र डिजिटल मिडियाको आजको जस्तो विकास हुँदो हो त त्यो घटना पितृसत्ताविरुद्धको एउटा भयानक विद्रोहको घटना हुन्थ्यो । आमाले मावलतर्फका दाजुभाइहरूले हजुरआमाको काजकिरिया बन्धुहरूले गर्नुपर्ने अनुरोधको भद्र-अवज्ञा गर्दै हजुरआमाको अन्तिम संस्कार आफैं गर्नुभयो । हिन्दु परम्परा अनुसार कोरामा आफैं बस्नुभयो । आफैं दागबत्ती दिनुभयो । कैयन् वर्षअघि हजुरबुबाको मृत्युसँगै अमिलिएको मावलीपट्टिका आफन्तहरूसँगको औपचारिक नाता हजुरआमाको मृत्यु संस्कारमा “माइती छोरा”हरुको भूमिकालाई आमाले निषेध गरेसँगै लगभग टुङ्गियो । आमाले कुनै पश्चात्ताप गर्नुभएन । बरु समाजमा हाबी पितृसत्ताविरुद्ध आफूले विजय प्राप्त गरे झैं महसूस भयो सायद, आमाले गर्व गर्नुभयो । २०५२ सालमा माओवादी विद्रोह शुरु भयो । रोल्पा रुकुम, गोरखा आदि जिल्लाबाट शुरु भएको विद्रोह पूर्वसम्म आइपुग्न केही वर्ष लाग्यो । अवचेतन मनमा सामाजिक असमानताका अनेकन् रूपहरू गढेर बसेको मेरो तन्नेरी मनलाई सायद जुन सुकै हिसाबले होस्, अरूको नजरमा पर्नुपर्छ भन्ने लाग्यो । नेता भन्ने शब्दको ओज र गरिमा नबुझ्दै, आफू नेता बन्नपर्छ भन्ने लाग्यो । हो, मलाई धेरै थोक लाग्यो । म जनयुद्धको नाममा शुरु गरिएको आन्दोलनमा लागेँ । आमाले मेरो निर्णयको प्रतिवाद गर्नुभएन । २०५९ बाट म माओवादी पार्टीबाट पूर्ण रूपमा निष्क्रिय भएँ तर आमाले माओवादी कहिल्यै छोड्नुभएन । ममार्फत् परिचय भएका कतिपय मेरा साथीहरू मेरा साथी रहेनन् तर उनीहरूमध्ये धेरै जसो आमाका साथी रहिरहे । मान्छेको मनोविज्ञान अचम्मको हुँदो रहेछ भन्ने कुराको अनुभव मैले आमाको १३ दिने मृत्युकर्मको समयमा बुझेँ । त्यो समयमा मान्छे एक हिसाबले अत्यन्तै निरीह र एक्लो महसुस गर्दो रहेछ । एक हिसाबले मान्छे त्यो बेलामा एटेन्शनसिकर हुँदो रहेछ । आफू किरिया बसेको समयमा को आए को आएनन्, कसले सम्झे, कसले सम्झेनन् जस्ता अति सामान्य जस्ता लाग्ने प्रश्नहरूले मान्छेलाई नराम्ररी घोच्दो रहेछ । मैले तेह्र दिनको आमाको कामको शिलशिलामा कैयन् फोन कलहरू मिस गरेँ, झ्याएसम्म पछि मिस गरेका कलहरूलाई रेस्पोन्स गरेँ, कल मिस गरेकोमा माफी मागेँ । हरेक घटनाले मान्छेलाई सिकाएर जाँदो रहेछ । आमाको मृत्युसँगै मैले सिकेको अर्को कटुसत्य के रह्यो भने, बाँचुन्जेल अनेकन् अलङ्कारसहित मित्रताको औपचारिकता निभाएको अभिनय गर्ने तर दु:खमा सम्झिए जस्तो समेत गर्न नभ्याउने मान्छेहरू पनि हुँदा रहेछन् हाम्रा वरिपरि । आमाको मृत्युले मलाई मेरा आफन्त जस्ता लाग्ने पराइहरूसँग समेत परिचित हुने मौका दियो र पराई जस्ता लाग्ने आफन्तहरू समेत चिनाएर गयो । आफन्त जस्ता लाग्ने तर कहिल्यै आफन्त बन्न नसकेका मान्छेहरूप्रतिको भ्रम तोडिएकोमा म ब्रह्माण्डलाई धन्यवाद दिन चाहन्छु । मान्छे सपनाहरूको पुञ्ज न हो । आमाका केही अति सामान्य सपनाहरू थिए जो उहाँले पूरा गर्ने समय पाउनुभएन । ती सपनाहरू मेरा लागि सामान्य थिए तर आमाका लागि सायद असामान्य । सपनाहरू पनि त सापेक्ष नै त हुँदा हुन् । हरेक मान्छेहरू मेरी आमाले जस्तै आफ्ना कुनै न कुनै पूरा नभएका सपनाहरू छोडेरै बिदा हुन्छन् । आज आमाको पैंतालीसौं पुण्यतिथि - आमाप्रति सप्रेम श्रद्धाञ्जली!

*-साहित्यपोष्ट डटकम*

# पाल्पामा ऐतिहासिक 'सराए नाच' देखाइयो



**कृष्ण पोखरेल**

**पाल्पा,** कार्तिक २/बडादसैंको अन्तिम दिन कोजाग्रत पूर्णिमाको दिन पाल्पाका शक्तिपीठ कोटघर र देवी मन्दिरहरुमा 'वाख्यै' हो भन्दै तरबार नचाउदै सराय नाच निकालिएको छ । देवी भगवती दुर्गाले राक्षस, असुरहरुलाई तरवारको प्रयोग गरी बध गरी विजय प्राप्त गरेको सम्झना स्वरुप पाल्पाका गाउँ-गाउँका डाँडा र मन्दिरहरुमा वाख्वै हो भन्दै तरवार नाच देखाइएको हो ।

बडा दसैंको अवसरमा देवी भगवती मन्दिरहरुमा खेलिने तरवार नाच निकै प्रचलित हुँदै आए पनि नयाँ पुस्तामा हस्तान्तरण नहुँदा लोप हुने अवस्थामा पुगेको छ । पाल्पाका प्रत्येक देवी, भगवती मन्दिरहरुमा निकालिने सराय नाच तानसेनको लिपिन्देवी मन्दिर, बौघागुम्वा, छहराको कटौजेपानी, भुवनपोखरीको रैनादेवी, लगायतका मन्दिरमा प्रदर्शन गरिएको छ । विगतका समयमा मनोरञ्जनका साधन नभएकाले यस्ता नाचहरु मनोरञ्जनमा मानिसको ध्यान केन्द्रित भए पनि आजकल सामाजिक सञ्जालको कारण संस्कृति लोप हुने अवस्थामा पुगेको बुढापाका बताउँछन् । नाचमा पाकापुस्तादेखि युवाहरुले सामुहिक र एकल रुपमा तरवार नचाएका थिए । निकै जोखिम, खतरापूर्ण खेलको रुपमा तरवार नाचलाई लिने गरिन्छ । होसियारी नअपनाएमा तरवार नचाउनेदेखि दर्शकहरुको ज्यान समेत जान सक्ने भएकाले निकै लामो अभ्यास पछि मात्र तरवार नचाउने गरिएको मन्दिरका पुजारीहरु बताउने गरेका छन् ।

# सुन तोलाकै १ लाख ६४ हजार ४ सय पुग्यो



**पाल्पा,** कार्तिक २/नेपाली बजारमा सुनको मूल्यले हालसम्मकै उच्च रेकर्ड कायम गरेको छ । शुक्रबार नेपाली बजारमा सुनको भाउ तोलामा २ हजार रुपैयाँले बढेर अहिलेसम्मकै उच्च बिन्दुमा पुगेको हो ।

नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार शुक्रबार नेपाली बजारमा सुनको मूल्य प्रतितोला १ लाख ६४ हजार ४ सय रुपैयाँ पुगेको छ । बिहीबारको तुलनामा शुक्रबार सुनको मूल्य तोलामा २ हजार रुपैयाँले बढेको हो । बिहीबार प्रतितोला १ लाख ६२ हजार ४ सय रुपैयाँमा सुन किनबेच भएको थियो । त्यस्तै तयारी गहनाको मूल्य भने कम्तीमा १ लाख ८९ हजार पुगेको छ । महासंघले अन्तर्राष्ट्रिय बजारको मूल्य र त्यसमा थप २० प्रतिशत भन्सार शुल्क जोड्छ । बैंक र गहना व्यवसायीको नाफा शीर्षकमा १ प्रतिशत छुट्याइन्छ । जसले गर्दा सुन अझ महँगो हुहन पुगेको छ । अहिले सुनको मूल्य प्रतितोला १ लाख ६४ हजार ४ सय रुपैयाँ निर्धारण गरिए पनि उक्त मूल्यमा सर्वसाधारणले गहना पाउँदैनन् । गहनामा व्यवसायीले ज्याला र जर्तीका नाममा थप १२ देखि १८ प्रतिशत शुल्क जोड्छन् । त्यस्तै बिहीबारको तुलनामा चाँदीको मूल्यमा शुक्रबार ३० रुपैयाँले वृद्धि भएको छ । शुक्रबार चाँदीको मूल्य प्रतितोला १ हजार ९ सय ८० रुपैयाँ पुगेको छ । बिहीबार भने चाँदीको मूल्य १ हजार ९ सय ५० रहेको थियो ।

सुनको भाउले अझै बढ्ने क्रम जारी छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ ।

अन्तर्राष्ट्रिय बजारमा सुनको मूल्य बढ्नुको प्रमुख कारण नै अमेरिकाले ब्याजदर कटौती गर्ने सुनिश्चितता गर्नु हो । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।

## खेलकुद समाचार

# नेपालले अमेरिकालाई हरायो



**काठमाडौं,** कार्तिक २/ नेपालले पहिलो टी-२० खेलमा घरेलु टोली अमेरिकालाई हराएको छ । नेपालले १७ रनले अमेरिकालाई हराएको हो ।

नेपालले दिएको एक सय ६५ रनको लक्ष्य पछ्याएको अमेरिकाले निर्धारित २० ओभरमा सात विकेट गुमाएर एक सय ४७ रन मात्र बनाउन सक्यो । अमेरिकाका लागि शायन जहाँगीरले अविजित ६० रन बनाए पनि टिमलाई जीत दिलाउन सकेनन् । यस्तै आन्द्रेस गौसले ३० रन बनाए । नेपालका दीपेन्द्रसिंह ऐरीले तीन विकेट लिए । यस्तै रिजन ढकाल, करन केसी र गुल्सन झाले समान एक विकेट लिए । त्यसअघि डल्लासमा टस हारेर पहिले ब्याटिङ गरेको नेपालले निर्धारित २० ओभरमा नौ विकेट गुमाएर एक सय ६४ रन बनायो । नेपालका लागि कप्तान रोहित पौडेले सर्वाधिक ४९ रन बनाए । यस्तै दीपन्द्रसिंह ऐरीले २८, अनिल साह र आशिफ शेखले समान २७ रन बनाए । अमेरिकाका हर्मित सिंह, सौरभ नेत्रावलकर र जसदीप सिंहले समान दुई विकेट लिए । शुक्रबारको जीतसँगै नेपालले तीन खेलको टी-२० शृंख्लामा १-० को अग्रता बनाएको छ । अब नेपाल र अमेरिकाबीचको दोस्रो टी-२० खेल भोली आइतवार र तेस्रो तथा अन्तिम खेल सोमवार हुनेछ । यो टी-२० शृंख्लापछि अमेरिकामै विश्वकप लिग-२ अन्तर्गत नेपाल, अमेरिका र स्कटल्यान्डबीचको त्रिदेशीय एकदिवसीय शृंख्ला हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

# ग्लोबल आइएमई बैंकका ग्राहकलाई छुट




**पाल्पा,** कार्तिक २/ग्लोबल आइएमई बैंक लिमिटेडले आफ्ना ग्राहकहरुका लागि विशेष छुट दिन लागेको छ । बैंकले एजिलस डायग्नोष्टिक नेपालमा उपलब्ध प्याथोलोजि टेष्ट शुल्कमा आफ्ना ग्राहकहरुलाई १५ प्रतिशत छुट दिन लागेको हो ।

छुटका लागि बैंक र एजिलस डायग्नोष्टिक नेपालबिच समझदारी भएको छ । उक्त समझदारीमा बैंकका प्रमुख बजार व्यबस्थापक दिलिप पोखरेल र नेपालका फाइनान्स प्रमुख दिपक खड्काले हस्ताक्षर गरेका छन् । समझदारी अनुसार बैंकका ग्राहकहरुले एजिलस डायग्नोष्टिक नेपालमा उपलब्ध ल्याबसम्बन्धी सेवा वापतको भुक्तानीको लागि बैंकको डेबिट तथा क्रेडिट कार्ड र मोबाईल बैंकिङ्ग एयाप ग्लोबल स्मार्ट प्लस प्रयोग गर्दा १५ प्रतिशतसम्म छुट पाउनेछन् । आफ्ना ग्राहकवर्गको सुविधालाई मध्यनजर गरी बैंकले विभिन्न किसिमका समयसान्दर्भिक योजनाहरु ल्याएर ग्राहकहरुलाई लावान्भित गर्दै आएको छ । बैंकले देशका ७७ वटै जिल्लामा शाखामार्फ सेवा प्रदान गर्दै आएको छ । यो निजी क्षेत्रको पहिलो वाणिज्य बैंक हो । बैंकको ३ सय ५४ शाखा कार्यालय, ३ सय ८४ एटिएम, २ सय ५५ शाखारहित बैंकिङ सेवा, ६८ एक्सटेन्सन तथा राजश्व संकलन काउन्टर तथा ३ वटा बैदेशिक प्रतिनिधि कार्यालय समेत गरी १ हजार भन्दा बढि सेवा केन्द्र रहेका छन् । ग्लोबल आइएमई बैंक, सबैका लागि बैंकिङ सेवा प्रदान गर्ने बैंक हो । जसले विभिन्न सेवा तथा सुविधा सहितका योजना मार्फत आफ्ना समस्त ग्राहकलाई उत्कृष्ट सेवा प्रदान गर्दै आइरहेको छ । यो युरो मनी अर्वाड फर एक्सलेन्स २०२४ अन्तर्गतका दुई विधाबाट नेपालको सर्वश्रेष्ठ बैंकको रुपमा सम्मानित बैंक हो ।


## लुम्बिनी मेडिकल कलेज तानसेनको वार्षिक साधारण-सभा सम्बन्धी सूचना

*प्रथम पटक प्रकाशित : २०८१/०७/०३*

मिति २०८१/०६/३० गते बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको उन्नाइसौं वार्षिक साधारण-सभा देहाय बमोजिमको मिति, स्थान र समयमा निम्न बमोजिमका विषय र प्रस्ताव उपर छलफल तथा निर्णय गर्न बस्ने भएकाले सम्पूर्ण शेयरधनी महानुभावहरुलाई उपस्थितिको लागि सविनय अनुरोध सहित यो सूचना प्रकाशित गरिएको छ ।

**सभा बस्ने मिति, स्थान र समय**

मिति : २०८१/०७/२४ गते शनिवार (तद्नुसार नोवेम्बर ९, २०२४) ।
स्थान : ता.न.पा.- ७, प्रभास, पाल्पा स्थित कम्पनीको भवन ।
समय : बिहानको ९:०० बजे ।

**छलफलका बिषयहरु**

**क) सामान्य प्रस्तावहरु :**

१) उन्नाइसौं वार्षिक साधारण सभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।
२) लेखापरीक्षकको प्रतिवेदन सहित २०८१ आषाढ मसान्तको वासलात, आ.व. २०८०/०८१ को नाफा नोक्सान हिसाव, नगद प्रवाह विवरण तथा अनुसूचीहरु उपर छलफल गरी पारित गर्ने ।
३) सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम हाल कायम चुक्ता पुँजीको १५.७९% (कर सहित) नगद लाभांश वितरण पारित गर्ने ।
४) आ.व.२०८१/०८२ को लागि लेखापरिक्षक नियूक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

**ख) विविध ।**

**सञ्चालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

**लुम्बिनी मेडिकल कलेज एण्ड टिचिङ हस्पिटल लिमिटेड**
**तानसेन-७ प्रभास, पाल्पा**

**हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।**





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई